काँक्रेविहार

कर्णाली प्रदेशको पहिलो दैनिक

राष्ट्रिय दैनिक

www .kankrebihar .com



❐ वर्ष : २५ ❐ अंक : २४६ ❐ बिहीवार, ४ असार, २०८३ ❐ Thursday, 18 June 2026 ❐ नेपाल संवत ११४६ ❐ पृष्ठ : ४ ❐ मूल्य : रु. १०

पाठ्यक्रमलाई रोजगारमुखी बनाउन सरकार प्रतिबद्ध : मन्त्री पोखरेल



❐ काँक्रेविहार संवाददाता
सुर्खेत, ३ असार

शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले उच्च शिक्षालाई समयानुकूल, प्रविधिमैत्री र रोजगारमुखी बनाउन सरकारले विशेष प्राथमिकता दिएको बताएका छन्। उनले विश्वविद्यालयहरूको पाठ्यक्रमलाई आधुनिक आवश्यकतासँग जोड्दै दक्ष जनशक्ति उत्पादनमा केन्द्रित गर्नुपर्ने आवश्यकता औंलयाए। बुधबार मध्यपश्चिम विश्वविद्यालयको चौथो दीक्षान्त समारोहलाई सम्बोधन गर्दै मन्त्री पोखरेलले गुणस्तरीय शिक्षा, अनुसन्धान र सीप विकासमार्फत विद्यार्थीलाई प्रतिस्पर्धी बनाउने दिशामा सरकार अघि बढिरहेको बताए। त्यसका लागि आवश्यक बजेट, पूर्वाधार तथा विज्ञ जनशक्तिको व्यवस्थापनमा सरकारको पूर्ण साथ रहने उनको भनाइ थियो।

मन्त्री पोखरेलले विश्वविद्यालयहरूले स्थानीय आवश्यकता र सम्भावनालाई ध्यानमा राखेर अनुसन्धान तथा अध्ययनलाई अघि बढाउनुपर्ने बताए। कर्णाली प्रदेशमा प्रशस्त मात्रामा उपलब्ध जलस्रोत, वन सम्पदा, जडीबुटी, पर्यटन तथा सांस्कृतिक सम्पदालाई अध्ययन र अनुसन्धानको प्रमुख क्षेत्र बनाउनुपर्नेमा उनले जोड दिए। उनले सरकार र शिक्षा मन्त्रालय विश्वविद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि, डिजिटल शिक्षाको विस्तार तथा रोजगारमुखी कार्यक्रम सञ्चालनका लागि आवश्यक सहयोग गर्न प्रतिबद्ध रहेको स्पष्ट पारे।

मध्यपश्चिम विश्वविद्यालयलाई कर्णाली प्रदेशको गौरवशाली शैक्षिक संस्थाका रूपमा उल्लेख गर्दै मन्त्री पोखरेलले स्थापना यताको यात्रामा विश्वविद्यालयले शिक्षा, अनुसन्धान, खेलकुद तथा सूचना प्रविधिको क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याएको बताए। अनुसन्धानमूलक शिक्षा र नवीन प्रविधिको प्रयोगमा विश्वविद्यालयले देखाएको सक्रियता प्रशंसनीय रहेको उनको भनाइ थियो। दीक्षित विद्यार्थीलाई बधाई तथा शुभकामना दिँदै मन्त्री पोखरेलले शिक्षा केवल व्यक्तिगत सफलताको माध्यम नभई समाज र राष्ट्र निर्माणको आधारसमेत भएको बताए। उनले प्राप्त ज्ञान, सीप र अनुभवलाई देशको विकास र समृद्धिका लागि उपयोग गर्न आग्रह गरे।

नेपाल विकास र समृद्धिको यात्रामा अघि बढिरहेको उल्लेख गर्दै मन्त्री पोखरेलले युवापुस्ताको भूमिका अझ महत्वपूर्ण रहेको बताए। गुणस्तरीय शिक्षाले गरिबी, बेरोजगारी, स्वास्थ्य समस्या, जलवायु परिवर्तन, सूचना प्रविधि तथा जैविक विविधताजस्ता चुनौतीको समाधान खोज्न सहयोग पुग्ने उनको विश्वास थियो उनले अनुसन्धान, नवप्रवर्तन र उद्यमशीलतामार्फत युवाले देशको अर्थतन्त्रलाई बलियो बनाउन सक्ने उल्लेख गर्दै दीक्षित विद्यार्थीहरूलाई नयाँ सोच, सिर्जनशीलता र जिम्मेवारीका साथ समाजमा योगदान दिन आग्रह गरे।

कर्णालीका पाँच पर्यटकीय स्थलको विकासका लागि २१ करोड

❐ काँक्रेविहार संवाददाता
सुर्खेत, ३ असार

कर्णाली प्रदेश सरकारले प्रदेशका पाँच महत्वपूर्ण पर्यटकीय गन्तव्यको संरक्षण, विकास र प्रवर्द्धनलाई प्राथमिकता दिएको छ।

यी पाँच पर्यटकीय स्थलको विकासका लागि आगामी आर्थिक वर्षका लागि २१ करोड ३५ लाख रुपैयाँ विनियोजन गरिएको हो। प्रदेश सरकारको आगामी आर्थिक वर्ष २०८३/०८४ को बजेट वक्तव्य नम्बर ५० मा रारा ताल, काँक्रेविहार, बुलबुले उद्यान तथा चौहान पार्क, कुपिण्डे दह र स्यार्पु ताल संरक्षण तथा विकासका लागि २१ करोड ३५ लाख रुपैयाँ विनियोजन गरिएको उल्लेख छ।

प्राकृतिक, धार्मिक तथा सांस्कृतिक सम्पदाले भरिपूर्ण कर्णालीलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पर्यटन बजारमा स्थापित गर्ने लक्ष्यसहित सरकारले यो बजेट व्यवस्था गरेको हो। प्रदेश सरकारले मुगुको प्रसिद्ध रारा ताल, सुर्खेतस्थित काँक्रेविहार र बुलबुले उद्यान तथा चौहान पार्क, सल्यानको कुपिण्डे दह र रुकुम पश्चिमको स्यार्पु ताल लाई केन्द्रमा राखेर कार्यान्वयन भइरहेका गुरुयोजनालाई थप प्रभावकारी बनाउने उद्देश्य लिएको छ। पाँच पर्यटकीय स्थलको विकासका लागि उक्त रकम विनियोजन हुनुलाई सकरात्मक रुपमा लिइएको छ। कर्णाली प्रदेश सरकारका अनुसार हिमाल, ताल, नदी, वन, संस्कृति र सभ्यताको अनुपम संगमका रूपमा रहेको कर्णाली पर्यटनका दृष्टिले नेपालको सबैभन्दा बाँकी पृष्ठ २











पर्यटन दशक मनाइने

कर्णाली प्रदेश सरकारले पर्यटन क्षेत्रलाई आर्थिक रूपान्तरण, रोजगारी सिर्जना तथा स्थानीय समृद्धिको प्रमुख आधारका रूपमा विकास गर्ने लक्ष्यसहित 'कर्णाली पर्यटन दशक' सुरु गर्ने घोषणा गरेको छ।

आगामी आर्थिक वर्षको बजेटमार्फत प्रदेश सरकारले पर्यटन पूर्वाधार विस्तार, पर्यटकीय गन्तव्यको संरक्षण तथा पर्यटन प्रवर्द्धनलाई प्राथमिकतामा राख्दै दशक अभियान अघि बढाउने जनाएको हो। प्रदेश सरकारले समग्र पर्यटन क्षेत्रको विकास, व्यवस्थापन तथा प्रवर्द्धनका लागि ५३ करोड ८६ लाख रुपैयाँ बजेट समेत विनियोजन गरेको छ।

सरकारले कर्णालीका प्राकृतिक, धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक सम्पदाको संरक्षण गर्दै पर्यटन क्षेत्रलाई प्रदेशको आर्थिक विकासको प्रमुख आधार बनाउने रणनीति लिएको जनाएको छ। 'कर्णाली पर्यटन दशक' अन्तर्गत प्रदेशका प्रमुख पर्यटकीय गन्तव्यहरूको संरक्षण, पूर्वाधार निर्माण, पहुँच विस्तार तथा पर्यटन सेवाको गुणस्तर सुधारका कार्यक्रम सञ्चालन गरिने बताइएको छ।

साथै पर्यटन क्षेत्रसँग जोडिएका स्थानीय समुदायलाई प्रत्यक्ष लाभ पुग्ने गरी रोजगारी र उद्यमशीलता प्रवर्द्धनका कार्यक्रम पनि सञ्चालन गरिनेछन्। पर्यटन व्यवसायीहरूले प्रदेश सरकारको घोषणालाई सकारात्मक रूपमा लिँदै बजेटको प्रभावकारी कार्यान्वयनमा जोड दिएका छन्। उनीहरूका अनुसार विनियोजित बजेट योजनाबद्ध र पारदर्शी ढंगले खर्च हुन सकेमा कर्णाली प्रदेश नेपालको प्रमुख पर्यटन गन्तव्यका रूपमा स्थापित हुने सम्भावना अझ बलियो बन्नेछ।

व्यवसायीहरूका अनुसार कर्णालीका प्राकृतिक सौन्दर्य, जैविक विविधता, सांस्कृतिक सम्पदा तथा साहसिक पर्यटनका सम्भावनाले आन्तरिक र बाह्य पर्यटकलाई बाँकी पृष्ठ २

रास्वपा कर्णाली प्रदेश कार्यसमितिले पायो पूर्णता

❐ काँक्रेविहार संवाददाता
सुर्खेत, ३ असार

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) कर्णाली प्रदेश प्रथम अधिवेशनले प्रदेश कार्यसमितिका पदाधिकारी तथा सदस्यहरु चयन गरेको छ।

सभापतिमा मदन बहादुर खड्का निर्वाचन मार्फत चुनिए भने बाँकी कार्यसमिति सर्वसम्मत चयन गरिएको हो।

अधिवेशनबाट उपसभापतिमा तुलाराज शाही चयन भएका छन् भने महामन्त्रीको जिम्मेवारी ललित चन्दले पाएका छन्।

सहमहामन्त्रीमा राजबहादुर शाह र लक्ष्मी भट्टराई चयन भएका छन्।

त्यस्तै प्रदेश कार्यसमितिका सदस्यहरूमा कमल रावत, बुधे बुढा, कृष्णबहादुर खड्का, राजेन्द्रप्रसाद शर्मा, आकाश थापा, नवीन खड्का, सन्तोष बुढाथोकी, संगम गौतम, दानबहादुर बुढा, मोहन सुनार, टेकबहादुर चुनारा र गौराकुमारी घर्ती चयन भएका छन्।

यस्तै निर्मला शाही, शिलु थापा, सरस्वती बुढा, खगिसरा बुढा, राधाकुमारी ढकाल, मनकुमारी सुनार, देवी विक, रामप्रसाद पाण्डे, यामराज पन्त तथा धर्मराज थापा पनि सदस्यमा चयन भएका छन्।

नवनिर्वाचित नेतृत्वले कर्णालीभर पार्टी संगठन विस्तार, जनसरोकारका विषयमा प्रभावकारी भूमिका निर्वाह तथा सुशासन र उत्तरदायी राजनीतिक अभ्यासलाई प्राथमिकतामा राखेर काम गर्ने प्रतिबद्धता जनाएको छ।

अधिवेशनमार्फत नयाँ नेतृत्व चयन भएसँगै रास्वपाले कर्णालीमा संगठन सुदृढीकरण अभियानलाई थप तीव्र बनाउने अपेक्षा गरिएको छ।

भोलीदेखि राष्ट्रिय एथलेटिक्स प्रतियोगिता हुने

❐ काँक्रेविहार संवाददाता
सुर्खेत, ३ असार

नेपाल एथलेटिक्स संघको आयोजनामा, कर्णाली प्रदेश खेलकुद विकास परिषद्को समन्वय तथा कर्णाली प्रदेश एथलेटिक्स संघको सहआयोजनामा ४६ औं राष्ट्रिय एथलेटिक्स प्रतियोगिता-२०८३ आगामी असार ५, ६ र ७ गते सुर्खेतमा सञ्चालन हुने भएको छ। कर्णाली प्रदेशको राजधानी सुर्खेतस्थित कर्णाली रङ्गशालामा पहिलोपटक आयोजना हुन लागेको प्रतियोगितामा पुरुष तथा महिला गरी २८ इभेन्ट्समा प्रतिस्पर्धा हुनेछ। सात प्रदेश र तीन विभागीय टोलीसहित १० टोलीका २४० खेलाडीले सहभागिता जनाउने आयोजकले जनाएको छ।



प्रतियोगितामा कोशी, मधेश, बागमती, गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशका टोलीका साथै नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बल (एपीएफ) का खेलाडीहरूले प्रतिस्पर्धा गर्नेछन्। १०० मिटर, २०० मिटर, ४०० मिटर, ८०० मिटर, १५०० मिटर, ५ हजार मिटर, १० हजार मिटर दौड, लङजम्प, ट्रिपलजम्प, सटपुट, डिस्कस थ्रो, जेभलिन थ्रो तथा रिले दौड लगायतका विधामा खेल हुनेछन्।

नेपाल एथलेटिक्स संघ कर्णाली प्रदेशका अध्यक्ष राजिवविक्रम शाहका अनुसार प्रतियोगितामा २८ स्वर्ण पदकका लागि प्रतिस्पर्धा हुनेछ। विजेता खेलाडीहरूले पदक, ट्रफी, प्रमाणपत्र तथा नगद पुरस्कार प्राप्त गर्नेछन्।

प्रतियोगिता सञ्चालनका लागि करिब ६० जना प्राविधिक, निर्णायक तथा अफिसियल खटिनेछन् भने खेलाडी, प्रशिक्षक, व्यवस्थापक र प्राविधिकसहित करिब ३ सय २० जनाको सहभागिता रहने अपेक्षा गरिएको छ। शाहका अनुसार करिब ७० लाख रुपैयाँ लागतमा सञ्चालन हुने प्रतियोगिताले कर्णालीको खेल पूर्वाधार, व्यवस्थापन क्षमता र आगामी दशौं राष्ट्रिय खेलकुद प्रतियोगिताको तयारीलाई थप मजबुत बनाउने विश्वास लिइएको छ।

काँक्रेविहार राष्ट्रिय दैनिक
दृष्टिकोण
बिहीवार, ४ असार, २०८३
Thursday, 18 June 2026

सम्पादकीय

कार्यान्वयनमा ध्यान केन्द्रित होस्

कर्णाली प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८३/०८४ का लागि स्थानीय तहमा वित्तीय हस्तान्तरण उल्लेख्य रूपमा बढाएको छ । कुल ५ अर्ब ५४ करोड ७२ लाख रूपैयाँ स्थानीय तहका लागि विनियोजन गर्दै प्रदेश सरकारले सङ्घीय शासन प्रणालीलाई व्यवहारमा कार्यान्वयन गर्ने र स्थानीय सरकारलाई थप सशक्त बनाउने सन्देश दिएको छ । चालु आर्थिक वर्षको तुलनामा करिब ९६ करोड रूपैयाँले वृद्धि गरिएको यो बजेटलाई स्थानीय विकास र वित्तीय स्वायत्तताको दृष्टिले सकारात्मक कदम मान्न सकिन्छ । वित्तीय समानीकरण, समपूरक तथा विशेष अनुदानमा गरिएको वृद्धि प्रदेश सरकारको स्थानीय तहप्रतिको विश्वास र सहकार्यको संकेत हो । विशेष गरी समपूरक अनुदानमा गरिएको ठूलो वृद्धिले स्थानीय तह र प्रदेश सरकारबीचको लागत साझेदारीलाई बलियो बनाउने अपेक्षा गरिएको छ । सडक, खानेपानी, शिक्षा, स्वास्थ्य र अन्य पूर्वाधार विकासका आयोजनामा यसको प्रभाव देखिन सक्छ । विकासका दृष्टिले पछाडि परेका क्षेत्रलाई विशेष अनुदानमार्फत थप अवसर दिने प्रयास पनि स्वागतयोग्य छ ।

तर बजेट वृद्धि आफैंमा उपलब्धि होइन । विगतका अनुभवले देखाएको छ कि स्रोतको अभावभन्दा पनि खर्च गर्ने क्षमता र प्रभावकारी कार्यान्वयन नै ठूलो चुनौती हो । कर्णालीका धेरै स्थानीय तहमा योजना छनोट, कार्यान्वयन, अनुगमन र वित्तीय व्यवस्थापनमा कमजोरी देखिँदै आएको छ । कतिपय अवस्थामा बजेट विनियोजन भए पनि समयमै खर्च हुन नसक्दा विकासका काम प्रभावित हुने गरेका छन् । यसपटक सशर्त अनुदानमा गरिएको कटौतीलाई स्थानीय तहको वित्तीय स्वायत्तता बढाउने प्रयासका रूपमा व्याख्या गरिएको छ । स्थानीय सरकारलाई आफ्ना आवश्यकता र प्राथमिकताअनुसार योजना छनोट गर्ने अधिकार दिनु सङ्घीयताको मर्मअनुकूल पनि हो । तर यसले स्थानीय तहको जिम्मेवारी र जवाफदेहिता पनि उत्तिकै बढाएको छ । अब स्थानीय सरकारहरूले प्राप्त स्रोतलाई परिणाममुखी ढंगले परिचालन गर्न सक्नुपर्छ ।

कर्णालीले लामो समयदेखि स्रोत अभाव र विकट भूगोलका कारण विकासमा पछाडि परेको गुनासो गर्दै आएको छ । अब प्रदेश सरकारबाट स्थानीय तहमा थप स्रोत प्रवाह भएको अवस्थामा त्यसको प्रतिफल नागरिकले प्रत्यक्ष अनुभूति गर्न सक्नुपर्छ। विकास आयोजना समयमै सम्पन्न हुने, सेवा प्रवाह प्रभावकारी बन्ने र स्थानीय अर्थतन्त्र चलायमान हुने अवस्था सिर्जना गर्न सकिए मात्र बजेट वृद्धिको औचित्य पुष्टि हुनेछ । अन्ततः, स्थानीय तहमा वित्तीय हस्तान्तरण बढाउनु सकारात्मक कदम हो । तर वास्तविक सफलता बजेटको आकारले होइन, त्यसले नागरिकको जीवनस्तरमा ल्याउने परिवर्तनले मापन हुनेछ । त्यसैले प्रदेश सरकार र स्थानीय तह दुवैले अब स्रोत व्यवस्थापनभन्दा पनि परिणाममुखी कार्यान्वयनमा ध्यान केन्द्रित गर्न आवश्यक छ । कर्णालीका नागरिकले अब घोषणा होइन, विकासको प्रत्यक्ष अनुभूति चाहेका छन ।

राष्ट्रिय मानव अधिकार आयोगमाथि बढ्दो अविश्वास



✍ रमेश कुमार बोहोरा

लोकतान्त्रिक मुलुकमा मानवअधिकार उल्लङ्घनका घटनामाथि निगरानी राख्ने, पीडितलाई न्यायको ढोका खोल्ने र राज्यलाई संवैधानिक सीमाभित्र राख्ने सबैभन्दा महत्त्वपूर्ण संस्थामध्ये राष्ट्रिय मानव अधिकार आयोग एक हो । तर नेपालमा पछिल्ला वर्षहरूमा आयोगको भूमिका, प्रभावकारिता, निष्पक्षता र संवैधानिक जिम्मेवारी निर्वाहबारे गम्भीर प्रश्नहरू उठ्न थालेका छन् । अझ पछिल्ला केही महिनामा देखिएका घटनाक्रमले आयोगमाथिको जनविश्वास कमजोर बन्दै गएको सङ्केत गरेका छन् ।

मानवअधिकारसँग सम्बन्धित विषयहरू राष्ट्रिय संयन्त्रबाट समाधान हुनुको सट्टा अन्तर्राष्ट्रिय मञ्चसम्म पुग्न थालेपछि आयोगको कार्यक्षमता र औचित्यमाथि समेत बहस सुरु भएको छ । जेनजी आन्दोलनसम्बन्धी प्रतिवेदन, ट्रेड युनियन अधिकार विवाद, प्रेस स्वतन्त्रतासम्बन्धी सरकारी निर्णय तथा पत्रकारमाथि भएका आक्रमणका घटनामा आयोगको भूमिका कमजोर देखिएको आरोप लाग्दै आएको छ ।

आयोगको काम प्रतिवेदन लेखेर दराजमा थन्क्याउनु होइन, राज्यलाई जवाफदेही बनाउनु हो । तर आयोग अहिले त्यही मूल दायित्वबाट क्रमशः टाढिँदै गएको छ । सबैभन्दा बढी विवाद ०८२ भदौ २३ र २४ गते भएको जेनजी आन्दोलनसम्बन्धी आयोगको प्रतिवेदनपछि देखियो । आन्दोलनका क्रममा भएको हिंसा, सुरक्षाकर्मीको बल प्रयोग, नागरिकको मृत्यु र सम्पत्तिमा भएको क्षतिका विषयमा आयोगले सरकारलाई प्रतिवेदन बुझाए पनि त्यसको निष्कर्ष र सिफारिसमाथि चौतर्फी प्रश्न उठ्यो ।

आयोगभित्रै प्रतिवेदन अन्तिम चरणमा संशोधन गरिएको, केही प्रभावशाली व्यक्तिलाई जोगाउने प्रयास भएको र निष्कर्ष कमजोर बनाइएको चर्चा सार्वजनिक भएपछि आयोगको विश्वसनीयतामा थप धक्का पुग्यो ।

प्रतिवेदनले कसलाई दोषी ठहर गऱ्यो, कसलाई उन्मुक्ति दियो, किन स्पष्ट जिम्मेवारी तोकिएन भन्ने प्रश्नहरू सार्वजनिक बहसको विषय बने । आयोगले ‘थप अनुसन्धान गरियोस्’, ‘कानुनी व्यवस्था गरियोस्’, ‘सम्बन्धित निकायले आवश्यक कारबाही गरोस्’ जस्ता अस्पष्ट वाक्यांश प्रयोग गरिएको छ । मानवअधिकार उल्लङ्घनका घटनामा जिम्मेवार व्यक्ति वा निकाय किटान गरेर कारबाही सिफारिस गर्नुपर्ने निकाय स्वयं अनिर्णयको अवस्थामा देखिएको छ ।

आयोगभित्रै प्रतिवेदन अन्तिम चरणमा संशोधन गरिएको, केही प्रभावशाली व्यक्तिलाई जोगाउने प्रयास भएको र निष्कर्ष कमजोर बनाइएको चर्चा सार्वजनिक भएपछि आयोगको विश्वसनीयतामा थप धक्का पुग्यो। आयोगकी सदस्य लिली थापाले समेत प्रतिवेदनमा त्रुटि रहेको सङ्केत गरेपछि विवाद अझ चर्कियो । यस घटनाले अर्को गम्भीर प्रश्न जन्मायो, प्रतिवेदन सार्वजनिक हुनुअघि नै जेनेभास्थित संयुक्त राष्ट्रसंघीय मानव अधिकार परिषद्मा किन यसको चर्चा भयो ? परिषद्का सदस्यहरूले ‘नेपालको प्रतिवेदन कहाँ छ ?’ भनेर प्रश्न गर्नुले नेपालको आन्तरिक विषय अन्तर्राष्ट्रिय चासोको विषय बनिसकेको प्रस्ट पारेको छ। राजनीतिक दलहरू पनि आयोगप्रति सन्तुष्ट देखिएका छैनन् । नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले ‘घटना गराउनेहरूलाई कारबाही नगरी प्रतिवेदनले के सन्देश दिन खोजेको हो ?’ भन्नु र सोही पार्टीका महासचिव शंकर पोखरेलले प्रतिवेदनलाई पूर्वाग्रहपूर्ण र बदनियतयुक्त भन्नुले पनि यो सर्वस्वीकार्य छैन भन्ने देखाउँछ । मानवअधिकारसम्बन्धी विवाद अन्तर्राष्ट्रियकरण भएको अर्को उदाहरण श्रमिक अधिकारको मुद्दा हो । सरकारले ट्रेड युनियन संरचना खारेज गर्ने निर्णय गरेपछि श्रमिक संगठनहरूले त्यसलाई संविधानविपरीत र अन्तर्राष्ट्रिय श्रम संगठन (आईएलओ) का मान्यताविपरीत भनेका छन् । नेपालले आईएलओका विभिन्न अभिसन्धिमा हस्ताक्षर गरिसकेको छ, जसले श्रमिकलाई संगठन खोल्ने, सामूहिक सौदाबाजी गर्ने र स्वतन्त्र रूपमा संगठित हुने अधिकार सुनिश्चित गर्छ। यति संवेदनशील विषयमा आयोगले प्रभावकारी पहल नगरेको भन्दै श्रमिक संगठनहरू असन्तुष्ट छन् ।

महासङ्घले उक्त निर्णयले अभिव्यक्ति स्वतन्त्रता, सूचनाको हक, स्वतन्त्र पत्रकारिता र सञ्चार क्षेत्रको आर्थिक अस्तित्वमाथि प्रतिकूल असर पार्ने भन्दै आयोगलाई हस्तक्षेप गर्न आग्रह गरेको थियो । तर आयोगले उल्लेखनीय सक्रियता नदेखाएको आरोप छ। यही असन्तुष्टिको परिणामस्वरूप संयुक्त ट्रेड युनियन समन्वय केन्द्र (जेटीयूसीसी) ले जेनेभामा आयोजित अन्तर्राष्ट्रिय श्रमिक सम्मेलनमा नेपालको विषय उठाउने निर्णय गऱ्यो । सामान्यतया राष्ट्रिय निकायबाट समाधान हुनुपर्ने विवाद अन्तर्राष्ट्रिय श्रम मञ्चसम्म पुग्नुलाई आयोगको प्रभावहीनताको सङ्केतका रूपमा हेरिएको छ। प्रेस स्वतन्त्रताको विषयमा आयोगको मौनता अझ धेरै आलोचित भएको छ। प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले २०८२ चैत १८ गते तीन तहका सरकारका सूचना र विज्ञापन सरकारी सञ्चारमाध्यमलाई मात्र उपलब्ध गराउने निर्णय गरेपछि नेपाल पत्रकार महासङ्घले त्यसलाई प्रेस स्वतन्त्रतामाथिको हस्तक्षेप भन्दै आयोगको ध्यानाकर्षण गराएको थियो ।महासङ्घले उक्त निर्णयले अभिव्यक्ति स्वतन्त्रता, सूचनाको हक, स्वतन्त्र पत्रकारिता र सञ्चार क्षेत्रको आर्थिक अस्तित्वमाथि प्रतिकूल असर पार्ने भन्दै आयोगलाई हस्तक्षेप गर्न आग्रह गरेको थियो । तर आयोगले उल्लेखनीय सक्रियता नदेखाएको आरोप छ । फलस्वरूप विषय अन्तर्राष्ट्रिय पत्रकार महासङ्घको पेरिस सम्मेलनसम्म पुग्यो । सम्मेलनले नेपालको प्रेस स्वतन्त्रताबारे विशेष प्रस्ताव पारित गर्दै सरकारलाई निर्णय पुनर्विचार गर्न आग्रह गऱ्यो । नेपालजस्तो लोकतान्त्रिक मुलुकको नाम प्रेस स्वतन्त्रतासम्बन्धी अन्तर्राष्ट्रिय चिन्ताको सूचीमा पर्नु स्वयंमा गम्भीर विषय हो । आयोगको निष्क्रियताबारे प्रश्न उठाउनेहरू केवल संगठित क्षेत्र मात्र होइनन् । सामान्य नागरिकका गुनासा पनि उत्तिकै गम्भीर छन् । भूमिहीन, सुकुम्बासी, दलित, महिला, बालबालिका तथा राज्यको पहुँचभन्दा टाढा रहेका समुदायका हजारौं उजुरी आयोगमा पुग्ने गरेका छन्। तर ती उजुरीमध्ये कति पीडितले न्याय पाए, कति सिफारिस कार्यान्वयन भए र कति घटनामा दोषीलाई कारबाही भयो भन्ने विषयमा आयोगले जनविश्वास जगाउने गरी परिणाम दिन सकेको देखिँदैन ।

पत्रकार सुरेश रजकको मृत्युको घटनाले पनि आयोगको भूमिकामाथि प्रश्न उठाएको छ । ०८१ चैत १५ गते काठमाडौंको तीनकुनेमा भएको घटनामा फोटो पत्रकार रजकको जलेर मृत्यु भएको थियो । नेपाल पत्रकार महासङ्घले पटक-पटक निष्पक्ष छानबिनको माग गरे पनि आयोगले अपेक्षित सक्रियता नदेखाएको भन्दै सञ्चार क्षेत्रबाट आलोचना हुँदै आएको छ ।

अन्तर्राष्ट्रिय अभ्यास हेर्दा मानवअधिकार आयोगहरू केवल सिफारिस गर्ने संस्था मात्र होइनन् । दक्षिण अफ्रिकाको मानव अधिकार आयोगले राज्य निकायविरुद्ध कठोर प्रतिवेदन सार्वजनिक गर्ने र कार्यान्वयनमा दबाब सिर्जना गर्ने अभ्यास राख्छ। भारतको राष्ट्रिय मानव अधिकार आयोगले हरेक वर्ष हजारौं उजुरीमाथि कारबाही गर्दै सरकारलाई क्षतिपूर्ति र सुधारात्मक कदमका लागि बाध्य बनाउने प्रयास गर्छ। बेलायत, क्यानडा र अस्ट्रेलियाका मानवअधिकार निकायहरूले सार्वजनिक सुनुवाइ, अनुसन्धान र नियमित निगरानीमार्फत राज्यलाई जवाफदेही बनाइरहेका छन् । कुनै देशको संवैधानिक निकायले आफ्नो दायित्व पूरा गर्न नसक्दा, पीडितले देशभित्रै न्याय नपाउँदा र राज्यलाई जवाफदेही बनाउन नसक्दा अन्तर्राष्ट्रियकरण गर्नुपर्ने बाध्यता आइलाग्नु चिन्ताजनक अवस्था हो । नेपालको संविधानले पनि राष्ट्रिय मानव अधिकार आयोगलाई सामान्य कार्यालयजस्तो भूमिका दिएको छैन । संविधानको धारा २४९ ले आयोगलाई मानवअधिकार उल्लङ्घनका घटनाको अनुसन्धान गर्ने, दोषीलाई कारबाही सिफारिस गर्ने, मानवअधिकारसँग सम्बन्धित कानुन पुनरावलोकन गर्ने, अन्तर्राष्ट्रिय सन्धिको कार्यान्वयन अनुगमन गर्ने तथा आफ्ना सिफारिस नमान्ने व्यक्ति वा निकायको नाम सार्वजनिक गर्नेसम्मको अधिकार दिएको छ ।

बैंकका कर्मचारीलाई २ गुणासम्म ओभरटाइम सुविधा

❐ काँक्रेविहार संवाददाता

काठमाडौं, ३ असार

नेपाल राष्ट्र बैंकले इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाहरूका लागि 'कर्मचारी सेवा विनियमावली'को परिमार्जित मस्यौदा सार्वजनिक गरेको छ। बैंक तथा वित्तीय संस्थामा कार्यरत कर्मचारीको सेवा, सर्त र सुविधालाई व्यवस्थित, पारदर्शी र एकरूपता कायम गर्न राष्ट्र बैंकले यस्तो मस्यौदा सार्वजनिक गरेको हो ।

राष्ट्र बैंकको बैंक तथा वित्तीय संस्था नियमन विभागले एक सूचना जारी गर्दै उक्त मस्यौदामाथि सरोकारवालाहरूलाई २०८३ असार १५ गतेसम्म लिखित राय तथा सुझाव पेस गर्न आह्वान गरेको छ। उक्त समयसम्म आएका सुझावलाई समेत समेटेर मापदण्ड तय गर्ने राष्ट्र बैंकको योजना छ ।



मस्यौदामा कर्मचारीको भर्ना, परीक्षणकाल तथा कर्मचारी कटौतीसम्म गर्दा पूरा गर्नुपर्ने मापदण्ड उल्लेख गरिएको छ। बैंकहरूले नयाँ कर्मचारी भर्ना गर्दा लिखित, प्रयोगात्मक र अन्तर्वार्ताका साथै उत्कृष्ट उम्मेदवार छनोट प्रक्रियासमेत अपनाउन सकिनेछ। खुला प्रतियोगिताबाट छनोट भएका कर्मचारीलाई सुरुमा ६ महिनाको परीक्षणकालमा राखिनेछ। काम सन्तोषजनक नभएमा थप ६ महिना परीक्षणकाल लम्ब्याउन सकिने जनाइएको छ ।

यसैगरी, सेवामै रहेका बेला कुनै कर्मचारीको मृत्यु भएमा वा स्वास्थ्यका कारण अवकाश पाएमा निजको परिवारका एक सदस्यलाई शैक्षिक योग्यताका आधारमा सहायक श्रेणीसम्मको पदमा रोजगारी दिन सकिने मानवीय व्यवस्था पनि मस्यौदामा थपिएको छ ।

कर्मचारीले वर्षमा १८ दिन घर बिदा, १२ दिन बिरामी बिदा र १२ दिन भैपरी आउने बिदा पाउनेछन्। घर बिदा ९० दिनसम्म सञ्चित गर्न पाइनेछ भने बिरामी बिदा ४५ दिनभन्दा बढी सञ्चित भएमा उक्त बढी भएको बिदा बराबरको रकम भुक्तानी लिन पाइनेछ। यसबाहेक कर्मचारीले विवाह बिदा ३ दिन र आफू किरिया बस्नुपर्दा वा सासू-ससुराको मृत्यु हुँदा १५ दिनको किरिया पाउनेछन्। महिला कर्मचारीले सुत्केरी हुनुअघि र पछि गरी कुल १४ हप्ताको तलबसहितको मातृत्व संरक्षण बिदा पाउनेछन् ।

कर्णालीका...

सम्भावनायुक्त क्षेत्रमध्ये एक हो । यद्यपि पूर्वाधार विकास, पहुँच विस्तार र पर्यटन सेवाको गुणस्तर अभिवृद्धि आवश्यक रहेको निष्कर्षसहित सरकारले पर्यटन क्षेत्रमा विशेष लगानी बढाएको आर्थिक मामिला तथा योजना मन्त्री राजिव विक्रम शाहले बताए । उनका अनुसार प्रदेश सरकारले पर्यटन पूर्वाधार निर्माण, सेवा गुणस्तर सुधार तथा गन्तव्य व्यवस्थापनलाई सुदृढ बनाउँदै कर्णालीलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पर्यटन मानचित्रमा विशिष्ट गन्तव्यका रूपमा स्थापित गर्ने नीति अघि सारेको हो ।

'प्रदेश सरकारले पर्यटनसँग जोडिएका सहायक पूर्वाधार निर्माणमा समेत ठूलो बजेट छुट्याएको छ' उनले भने, 'शहरी क्षेत्रको सौन्दर्य अभिवृद्धि, हरित वातावरण संरक्षण तथा पर्यापर्यटनको दिगो विकासलाई प्रवर्द्धन गर्न पार्क, उद्यान, खुला स्थान, पदमार्ग, दृश्यावलोकन स्थल तथा प्राकृतिक, धार्मिक र सांस्कृतिक पर्यटन पूर्वाधार निर्माण एवं स्तरोन्नतिका लागि ३९ करोड ९६ लाख रुपैयाँ विनियोजन गरिएको छ ।' त्यसैगरी पर्यापर्यटन, ग्रामीण पर्यटन तथा होमस्टे व्यवसायलाई प्रोत्साहन गर्न पर्यटनसँग सम्बन्धित सीप विकास कार्यक्रम सञ्चालन गरिने भएको छ। स्थानीय नागरिकलाई हस्पिटालिटी सेवा, ट्रेकिङ गाइड, स्थानीय मौलिक वास्तुकला संरक्षण तथा रैथाने बालीबाट उत्पादित परिकारको प्रवर्द्धनसम्बन्धी तालिम प्रदान गरी पर्यटन क्षेत्रमै रोजगारी सिर्जना गर्ने कर्णाली सरकारको योजना रहेको छ ।

पर्यटन...

आकर्षित गर्ने क्षमता राख्छन् । 'कर्णाली पर्यटन दशक' अभियान सफल भएमा प्रदेशमा पर्यटक आगमन वृद्धि भई स्थानीय अर्थतन्त्र सुदृढ हुने, रोजगारीका अवसर विस्तार हुने तथा समग्र आर्थिक विकासमा नयाँ आयाम थपिने विश्वास व्यक्त गरिएको छ ।

प्रदेश सरकारले पर्यटन क्षेत्रलाई दीर्घकालीन आर्थिक विकासको मेरुदण्डका रूपमा स्थापित गर्ने लक्ष्यसहित दशक अभियानको प्रस्ताव अघि बढाएको हो । यस अभियानले कर्णालीको पर्यटन सम्भावनालाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा प्रवर्द्धन गर्दै प्रदेशलाई समृद्धिको नयाँ यात्रातर्फ अग्रसर गराउने अपेक्षा गरिएको छ ।

सीमा विवादमा नयाँ तथ्य सार्वजनिक



काँक्रेविहार संवाददाता
हुम्ला, ३ असार

हुम्ला र बाजुराबीच लामो समयदेखि चर्चामा रहेको सीमा विवादका बीच बाजुरा जिल्लाको हिमाली गाउँपालिका तिन स्थित गुम्बा गाउँका स्थानीयको जग्गासम्बन्धी महत्वपूर्ण अभिलेख हुम्लाको मालपोत कार्यालयमा फेला परेका छन् ।

हुम्लाका जनप्रतिनिधिसहितको टोलीले पुराना अभिलेख खोज्ने क्रममा उक्त प्रमाणहरू फेला पारेको हो । मालपोत कार्यालय हुम्लाका प्रमुख पविन्द्र यादवका अनुसार हुम्लावासीले दिएको निवेदनका आधारमा खोजी गर्दा तत्कालीन मैला गाउँ पञ्चायत वडा नम्बर पाँच अन्तर्गत ठेगाना उल्लेख भएका गुम्बा गाउँका १० घरधुरीका जग्गासम्बन्धी अभिलेख कार्यालयको पुरानो ढड्डामा भेटिएका छन् ।

फेला परेका अभिलेखमा सात नम्बर फाराम, मोही लगत, मोड तथा जग्गा स्वामित्वसम्बन्धी विवरण समावेश छन् । ती अभिलेखले हाल बाजुराको हिमाली गाउँपालिका तिन मा पर्ने गुम्बा गाउँ तत्कालीन समयमा हुम्लाको मैला गाउँ पञ्चायतअन्तर्गत रहेको संकेत गर्ने स्थानीय जनप्रतिनिधिहरूको दाबी छ ।

अभिलेखमा नर्वु गुरुङ, डबल्या गुरुङ, छिरिङ थकाली, टसी गुरुङ, फुर्वु गुरुङ, याङ्वेला गुरुङ, धर्मसिंह गुरुङ, तुण्डुप गुरुङ र निखु गुरुङलगायतका स्थानीयको नाम उल्लेख रहेको जनाइएको छ ।

फुर्वु गुरुङ हालका हिमाली गाउँपालिका तिनका वडा सदस्य पेमागारा गुरुङका हजुरबुवा रहेको बताइएको छ । विशेषगरी सात नम्बर फाराममा कवाडी, चिन्दु, लाम्पाटा, च्याचौर, गुम्बा र फुलसैना लगायतका क्षेत्रहरूको नाम उल्लेख हुनुका साथै सम्बन्धित जग्गाधनीहरूको ठेगाना "मैला गाउँ पञ्चायत वडा नं. पाँच लेखिएको पाइएको छ ।

खार्पुनाथ गाउँपालिकाका अध्यक्ष कर्णबहादुर रावलले सीमा विवाद भावनात्मक बहसभन्दा पनि ऐतिहासिक तथ्य, सरकारी अभिलेख र भोगचलनका आधारमा समाधान गर्नुपर्ने बताए ।

उनले फेला परेका प्रमाणहरू सरकारद्वारा गठित सीमा अध्ययन समितिलाई उपलब्ध गराइने जानकारी दिए । यता सिमकोट गाउँपालिकाका अध्यक्ष विजय भण्डारीले गुम्बा गाउँका स्थानीयले २०५० सालको नापी नक्सालाई आधार बनाउँदै आएको उल्लेख गर्दै सात नम्बर फारामबिना गरिएको नापीसम्बन्धी विषयमा समेत थप अध्ययन आवश्यक रहेको बताए ।

स्थानीय सरोकारवालाहरूले सीमा विवादलाई द्वन्द्वको विषय नबनाई तथ्य, प्रमाण, सहमति र आपसी समन्वयका आधारमा समाधान गर्नुपर्नेमा जोड दिएका छन् । उनीहरूका अनुसार ऐतिहासिक अभिलेखको गहिरो अध्ययन र सरकारी तहबाट निष्पक्ष छानबिन भएमा लामो समयदेखिको विवाद समाधानतर्फ अघि बढ्न सक्नेछ ।

लेक लागेर दुईको मृत्यु, १२ बिरामी



काँक्रेविहार संवाददाता
डोल्पा, ३ असार

हिमाली जिल्ला डोल्पामा जेठ महिनामा लेक लागेर दुई जनाको मृत्यु भएको छ भने १२ जना बिरामी परेका छन् ।

जिल्ला प्रहरी कार्यालय डोल्पाले सार्वजनिक गरेको मासिक विवरणअनुसार एक बिरामीलाई प्रहरीले उद्धार गरी उपचारका लागि पठाएको छ । उक्त अवधिमा आगलागी, हावाहुरी, लेक लाग्ने र अन्य गरी ४ वटा विपद्का घटना भएका थिए ।

ढुंगा खसेर एक जनाको मृत्यु भएको र विपद्का कारण करिब दुई लाख २५ हजार रुपैयाँ बराबरको क्षति भएको प्रहरीले जनाएको छ ।

विपद् व्यवस्थापनका लागि २५ जना प्रहरी परिचालन गरिएको थियो । जेठ महिनामा कुल १० वटा मुद्दा दर्ता भएका छन्, जसमा ज्यान मार्ने उद्योग एक डाँका चोरी एक लागुऔषध एक भवितव्य ज्यान पाँच अभद्र व्यवहार एक र जुवा सम्बन्धी एक मुद्दा रहेका छन् । ती मुद्दामा १२ जना प्रतिवादी संलग्न रहेको प्रहरीले जनाएको छ । फैसला कार्यान्वयन अन्तर्गत एक जनालाई पत्राउ गरी दुई लाख ५० हजार रुपैयाँ जरिवाना र १४ हजार रुपैयाँ क्षतिपूर्ति असुल गरिएको छ । हराएको एक व्यक्ति फेला पारिएको छ भने महिला, बालबालिका तथा ज्येष्ठ नागरिकसम्बन्धी एक उजुरी परेको छ ।

घरेलु हिंसासम्बन्धी एक मुद्दा मिलापत्रमार्फत टुंग्याइएको छ ।

प्रहरीका अनुसार प्रत्यक्ष रूपमा आएका १६ ठाडा उजुरी फछ्र्योट गरिएको छ भने जिल्ला प्रशासन कार्यालयबाट आएका आठ उजुरीमध्ये तिन वटा फछ्र्योट भई पाँच वटा प्रक्रियामा रहेका छन् ।

जेठ महिनामा ६० ग्राम २६ मिलिग्राम लागुऔषध बरामद गरिएको छ । अपराध न्यूनीकरणका लागि समुदाय-प्रहरी साझेदारी कार्यक्रम, एलआरपी, एसआरपी तथा सादा पोसाकमा प्रहरी परिचालन गरिएको छ ।

शान्ति सुरक्षाका लागि ४४ एलआरपी दुई हजार चार सय ९४ एसआरपी, पाँच सय ५३ पिकेट, पाँच सय ३७ चेकिङ र चार सय ६५ ग्रामीण गस्ती सञ्चालन गरिएको प्रहरीले जनाएको छ ।

सवारी चेकजाँचबाट ५५ हजार पाँच सय रुपैयाँ राजस्व संकलन गरिएको छ । प्राकृतिक स्रोत दोहन नियन्त्रण अभियानअन्तर्गत अवैध उत्खननमा प्रयोग भएका दुई सवारी साधन नियन्त्रणमा लिइएको छ । यार्साघाटनमा अवैध प्रवेश गरेका छ जनालाई ८० हजार रुपैयाँ जरिवाना गरिएको छ ।

समुदाय तथा विद्यालय केन्द्रित ३९ सचेतनामूलक कार्यक्रममार्फत एक हजारभन्दा बढी सेवाग्राहीलाई सेवा प्रदान गरिएको छ । जेठ महिनामा करिब तिन रोपनी क्षेत्रफलमा लगाइएको अवैध अफिम खेती नष्ट गरिएको प्रहरीले जनाएको छ ।

नदी तटबन्धले बर्दियाका बस्ती सुरक्षित



काँक्रेविहार संवाददाता
बर्दिया, ३ असार

कर्णाली नदीमा गरिएको तटबन्ध निर्माणपछि बर्दियाका राजापुर नगरपालिका र गेरुवा गाउँपालिकाका बस्तीहरू कटान र डुबानको जोखिमबाट सुरक्षित भएका छन् ।

वर्षौंदेखि बाढी र नदी कटानको समस्यामा परेका स्थानीय बस्तीहरू हाल तटबन्ध निर्माणपछि सुरक्षित महसुस गर्न थालेका छन् ।

२०७१ सालमा सिँचाइ तथा नदी व्यवस्थापन कार्यालय स्थापना भएपछि कर्णाली नदी व्यवस्थापनको काम सुरु गरिएको हो । हालसम्म राजापुर क्षेत्रमा करिब २१ किलोमिटर तटबन्ध निर्माण गरिएको छ ।

यसले राजापुर नगरपालिका एक देखी चार तथा गेरुवा गाउँपालिका एक देखी तिनका बस्तीमा भइरहेको कटान रोक्न सहयोग गरेको छ । स्थानीयवासीले तटबन्धपछि बस्ती सुरक्षित भएको बताएका छन् ।

आयोजनाका अनुसार २०७६ मा १२ अर्ब ८० करोड रुपैयाँको गुरुयोजना स्वीकृत भए पनि बजेट अभावका कारण काम सुस्त गतिमा अघि बढेको छ । हालसम्म करिब तिन अर्ब सात करोड रुपैयाँ खर्च भइसकेको छ ।

सिँचाइ तथा नदी व्यवस्थापन आयोजनाका अनुसार हालसम्म १३ प्रतिशत मात्र प्रगति भएको छ । गुरुयोजना अनुसार काम २०८९/९० सम्म लम्ब्याइएको छ । अझै करिब ५० किलोमिटर तटबन्ध निर्माण गर्न बाँकी रहेको छ । स्थानीयले दीर्घकालीन समाधानका लागि बजेट वृद्धि गर्न माग गरेका छन् ।

विपन्न कृषकलाई कृषि सामग्री वितरण

काँक्रेविहार संवाददाता
सल्यान, ३ असार

शारदा नगरपालिकाका विभिन्न वडाका कृषकलाई व्यवसायिक तरकारी खेतीतर्फ आकर्षित गर्ने उद्देश्यले कृषि तालिम तथा कृषि सामग्री वितरण गरिएको छ ।

कृषि विकास कार्यालय सल्यानको आयोजना तथा शारदा नगरपालिकाको समन्वयमा सञ्चालित विपन्न लक्षित वर्ग विशेष कार्यक्रमअन्तर्गत कृषकलाई व्यावहारिक तालिमसँगै कृषि सामग्री हस्तान्तरण गरिएको हो । कार्यक्रमअन्तर्गत शारदा नगरपालिका दुई छ र १५ का १५ जना कृषकलाई तरकारी खेतीसम्बन्धी स्थलगत तथा व्यावहारिक तालिम प्रदान गरिएको कृषि विकास कार्यालय सल्यानले जनाएको छ ।

तालिममा आधुनिक कृषि प्रविधि, व्यवसायिक तरकारी उत्पादन, उत्पादन वृद्धि तथा कृषि व्यवस्थापनका विषयमा जानकारी दिइएको थियो ।



कृषकको श्रम, समय र उत्पादन लागत घटाउने उद्देश्यले कार्यक्रममार्फत ५० प्रतिशत अनुदानमा मिनिटिलर (हाते ट्रेक्टर) वितरण गरिएको छ । उक्त उपकरणले खेतबारीको जोताइ तथा अन्य कृषि कार्यलाई सहज बनाउनुका साथै उत्पादकत्व वृद्धि गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । त्यस्तै, कृषकलाई बेमौसमी तरकारी उत्पादनतर्फ प्रोत्साहन गर्न शतप्रतिशत अनुदानमा ११ वटा बाँसको प्लास्टिक टनेल निर्माणको कामसमेत अघि बढाइएको छ ।

प्लास्टिक टनेल निर्माणपछि वर्षभरि तरकारी उत्पादन गर्न सहज हुने र कृषकको आम्दानीमा वृद्धि हुने विश्वास गरिएको छ ।

कार्यक्रमलाई सम्बोधन गर्दै शारदा नगरपालिकाका प्रमुख प्रकाश भण्डारीले कृषि क्षेत्रलाई नगरपालिकाको आर्थिक समृद्धिको मुख्य आधारका रूपमा लिइएको बताए । उनले विपन्न तथा साना कृषकलाई आत्मनिर्भर र व्यवसायिक कृषितर्फ उन्मुख गराउन यस्ता कार्यक्रम प्रभावकारी हुने उल्लेख गरे ।

"कृषि उत्पादन वृद्धि मात्रै होइन, कृषकको आयस्तर उकास्नु पनि हाम्रो प्राथमिकता हो," नगर प्रमुख भण्डारीले भने "आधुनिक प्रविधिको प्रयोग र उत्पादनमुखी कार्यक्रममार्फत कृषकलाई आर्थिक रूपमा सबल बनाउने लक्ष्यका साथ काम गरिरहेका छौं ।" नगर उपप्रमुख सुस्मिता सापकोटाले महिलाहरू तथा विपन्न समुदायलाई कृषि उद्यमसँग जोड्न विशेष प्राथमिकता दिइएको बताए । उनले तालिम र कृषि सामग्रीको प्रभावकारी उपयोग गर्दै उत्पादन बढाउन कृषकलाई आग्रह गरे ।

कार्यक्रममा सहभागी कृषकहरूले तालिम र कृषि सामग्रीले व्यवसायिक तरकारी खेती विस्तार गर्न थप हौसला मिलेको बताएका छन् । आधुनिक कृषि उपकरण र प्लास्टिक टनेलको प्रयोगले उत्पादन बढाउनुका साथै वर्षभरि तरकारी खेती गर्न सहज हुने उनीहरूको विश्वास छ ।


डिजिटल युगको विश्वसनीय आवाज
www.kankrebihar.com

काँक्रेविहार राष्ट्रिय दैनिक

बिहीवार, ४ असार, २०८३
Thursday, 18 June 2026

सु.जि.प्र.का.द.नं. १३/२०५७/०५८
हु.नि.सु.द.नं. ०१/२०८२/०८३

समृद्धिका लागि जोखिम उठाउनैपर्छः मन्त्री शाह



काँक्रेविहार संवाददाता

सुर्खेत, ३ असार

असार । कर्णाली प्रदेशका आर्थिक मामिला मन्त्री राजिवविक्रम शाहले सरकार, कर्मचारी, निजी क्षेत्र र बैंक तीनवटै क्षेत्रले लगानीको जोखिम नलिएसम्म कर्णालीलाई आर्थिक रुपले सम्पन्न गराउन नसकिने बताएका छन् ।

सरकारी अनुदान तथा वित्तीय संस्थाको कर्जा लगानीमा साना तथा महिला उद्यमीको पहुँच पुग्न नसकेको स्वीकारी उनले यस्तो बताएका हुन् ।

नेपाल उद्योग वाणिज्य महासंघ कर्णाली प्रदेशको आयोजनामा बुधबार वीरेन्द्रनगरमा भएको महिला उद्यमी मेला तथा पिचिंग कार्यक्रममा उनले जोखिम मोल्न नचाहने प्रवृत्तिकै कारण कर्णाली गरिब र पछाडि परेको बताएका हुन् ।

हाट बजारमा राखिएका महिला उद्यमीका उत्पादनको अवलोकन गर्दै उनीहरुका संघर्षका कथा सुनिसकेपछि मन्त्री शाहले भने, स्थानीय उत्पादन प्रयोग गर्ने मात्र होइन गौरव गर्ने पनि हो, यिनको प्रवर्द्धन गर्नुपर्छ ।

सरकारले दिने अनुदानका लागि कार्यविधि कडा हुने अनि बैंक तथा वित्तीय संस्थाले शहर बजार बाहेकका जग्गामा लगानी गर्न आनाकानी गर्ने हुनाले कर्णालीमा उद्यम फस्टाउन नसकेको मन्त्री शाहको भनाई थियो ।

सरकार ब्याज अनुदानलगायतका लागि वर्षेनी बजेट छुट्याइरहेको भएपनि उक्त बजेट लक्षित वर्गसम्म नपुगीकनै फ्रिज हुने परिपाटी अन्त्य गर्न आफू थप सक्रियताका साथ लाग्ने प्रतिवद्धता पनि जनाए ।

कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासंघका केन्द्रीय सदस्य पदमबहादुर शाहीले तीन तहका सरकार भएपनि निजी क्षेत्रको समस्या सुन्ने र सम्वोधन गर्ने अभिभावक सरकारको अभाव अझैपनि खट्किरहेको गुनासो गरे ।

लगानीका लागि तयार रहेको निजी क्षेत्र नीतिगत र प्रक्रियागत व्यवधानका कारण झन झन् हतोत्साही बन्दै गएको टिप्पणी गर्दै उनले सुधारका लागि निजी क्षेत्रले दिएका सुझाव कार्यान्वयन गरिदिन आग्रह गरे ।

कार्यक्रममा उद्योग वाणिज्य महासंघ कर्णालीका अध्यक्ष धनबहादुर रावतले ठूला उद्योग कारखानाको सम्भावना तत्कालै नरहेको कर्णालीमा घरेलु तथा महिला उद्यमीहरुको सबलीकरण आवश्यक रहेको औंल्याए ।

औद्योगिक व्यवसाय विकास प्रतिष्ठानको सहयोग तथा इन्क्यूबेटर एकेडेमीको प्राविधि सहयोगमा यसअघि सञ्चालन गरिएको तीन दिने बुट क्याम्पमा सहभागीमध्येबाट छानिएका ८ जना महिला उद्यमीका उत्पादन प्रदर्शनीका लागि हरेक शनिबार शुभ होटल परिसरमा कर्णाली हाट बजार लाग्ने गरेको छ ।

उद्योग खारेजीको सूचना

सूचना प्रकाशित मिति : २०८३/०३/०४

उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत (सात्विक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म/हामी **श्री भक्तबहादुर सुनार** धनी रहेको, **दर्ता नम्बर** ८१०८/०७८/०७९ बाट **चौकुने-६ सुर्खेत**मा संचालन हुने गरी दर्ता श्रेस्ता कायम रहेको **शुभ प्रभात कटेज** नामको प्राइभेट साझेदारी उद्योग मेरो हाम्रो घरायसी/आर्थिक कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो ३५ (पैंतीस) दिने सूचना प्रकाशन गरिएको छ। यस उद्योगसँग कोही कसैको कुनै प्रकारको बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत समक्ष लिखित रुपमा दावी गर्न हुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ ।

उद्योग खारेजीको सूचना

सूचना प्रकाशित मिति : २०८३/०३/०४

उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत (सात्विक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म/हामी **श्री नरेन्द्र वि.क.** धनी रहेको, **दर्ता नम्बर** १०१४३/०७९/०८० बाट **गुर्भाकोट-८, सुर्खेत**मा संचालन हुने गरी दर्ता श्रेस्ता कायम रहेको **सिम्ताली कृषि तथा पशुपंक्षी फर्म** नामको प्राइभेट साझेदारी उद्योग मेरो हाम्रो घरायसी/आर्थिक कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो ३५ (पैंतीस) दिने सूचना प्रकाशन गरिएको छ। यस उद्योगसँग कोही कसैको कुनै प्रकारको बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत समक्ष लिखित रुपमा दावी गर्न हुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ ।



सन्तुलित जनसंख्या: विकासको आधार

- जनसंख्याको सन्तुलित विकासमा ध्यान दिऔं,
- जनसंख्या व्यवस्थापन सम्बन्धी सचेतना अभिवृद्धि गरौं,
- मातृ तथा शिशु स्वास्थ्य सेवामा पहुँच बढाऔं,
- किशोर-किशोरीको स्वास्थ्य र शिक्षालाई प्राथमिकता दिऔं,
- लैङ्गिक समानता र महिला सशक्तीकरणलाई प्रवर्द्धन गरौं,
- शिक्षा, स्वास्थ्य, क्षमता विकास र रोजगारीमा जोड दिऔं।

स्वस्थ, शिक्षित र समृद्ध समाज निर्माणमा योगदान दिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



संकटमा नेपाली मिडिया : बन्द होइन, रूपान्तरणको बेला

मिडिया सञ्चालक तथा प्रकाशकहरूमा हार्दिक आमन्त्रण

नेपाली मिडिया उद्योग, विशेषगरी छापा माध्यम, वर्तमान समयमा आर्थिक, नीतिगत तथा संरचनागत चुनौतीहरूको सामना गरिरहेको छ। सरकारी विज्ञापनको मापदण्डमा आधारित, पारदर्शी र न्यायोचित वितरण सुनिश्चित गर्न तथा मिडिया क्षेत्रका साझा समस्या र सम्भावित समाधानबारे गहन छलफल गर्न राष्ट्रिय मिडिया सम्मेलन २०८३ आयोजना गरिएको छ।

देशभरका राष्ट्रिय तथा प्रादेशिक दैनिक पत्रिकाका प्रकाशक तथा सञ्चालकहरूको सहभागितामा नीति संवाद, अनुभव आदान-प्रदान तथा समाधानमुखी बहस सञ्चालन गरिनेछ।

अतः कुनै कारणवश औपचारिक निमन्त्रणा पत्र प्राप्त नभएको अवस्थामा यसै सूचनालाई आधार मानी देशभरबाट प्रकाशित हुने राष्ट्रिय तथा प्रादेशिक दैनिक पत्रिकाका प्रकाशक तथा सञ्चालकहरूलाई सम्मेलनमा सहभागी भई कार्यक्रमलाई सफल बनाउन हार्दिक अनुरोध गर्दछौं।

मिति: ६, ७ असार २०८३

समय : ६ गते - दिउँसो १:०० बजेदेखि | ७ गते -बिहान ८:०० बजेदेखि दिउँसो १:०० बजेसम्म

स्थान: होटल महाराजा, कालिकानगर, बुटवल

आयोजक : Publishing & Broadcasting Association Lumbini Nepal

सहआयोजक : NEPAL MEDIA SOCIETY

सम्पर्क : बोधराज त्रिपाठी - ९८५१०४६०३३ | नवराज कुँवर - ९८५१०४४६२८

"सबल, दिगो र उत्तरदायी मिडियाका लागि साझा संवाद"

काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, प्रधान कार्यालय : वीरेन्द्रनगर-६, सुर्खेत, फोनः ०८३-५९०१११/९८५१३४४७५४/९८६४८८०६००, **Email :** ekankrebihardaily@gmail.com, **web :** kankrebihar.com
सम्पादक : सुशीलराज शर्मा, कार्यकारी सम्पादक : नविन सुवेदी, मुद्रण : मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)